# टी.बी. बुलेटीन

नेपाल क्षयरोग निवारण संस्था

वर्ष १२ | २०७४ | अंक २

विजया दशमी, शुभ दिपावली, नेपाल संवत ११३८
तथा छठ पर्व २०७४ सालको पावन अवसरमा
सुख, शान्ति, सुस्वास्थ्य, समृद्धिका लागि
हार्दिक मंगलमय् एवम् उतरोत्तर प्रगतिको

**शुभकामना**

व्यक्त गर्दछौं ।

**नेपाल क्षयरोग निवारण संस्था**
*केन्द्रीय कार्यालय*
कालिमाटी, काठमाडौं

## साझेदारी कार्यक्रम




नेपाल क्षयरोग निवारण संस्था र National Yang Ming University ताइवानको साझेदारीमा विभिन्न कार्यक्रम गर्ने दुईवर्षे सम्झौता अनुरूप सन् २०१६मा विद्यालय र Monastry मा Tuberculosis Screening Test सम्पन्न भएको थियो भने यस वर्ष (२०१७)मा पनि हेल्थ क्याम्प सम्पन्न भएका छन् ।

National Yang Ming University मा मेडिकल विषय अध्ययनरत विद्यार्थीहरूले २०७४ श्रावण १७ गतेका दिन संस्थाका विभिन्न गतिविधि अवलोकन गरेका थिए । अवलोकनका क्रममा केन्द्रीय पदाधिकारी, सदस्यहरू र विभिन्न निकाय प्रमुखको उपस्थितिमा ग्लोबल फण्डका कार्यक्रम प्रबन्धकले संस्थाका गतिविधि बारे जानकारी गराउनु भयो ।




२०७४ श्रावण २५ गतेका दिन St. Joseph School मा ११९ जना विद्यार्थीहरूलाई TST (Tuberculosis Screening Test) गरियो जसमध्ये ३ जना पोजिटिभ देखिएको छ । त्यस्तैगरी सोही विद्यालयमा श्रावण २७ गते ८३ जना विद्यार्थीहरूलाई क्षयरोगको जाँच गरियो जसमध्ये ७ जना पोजिटिभ देखियो । परीक्षणका क्रममा क्षयरोग पोजिटिभ देखिएका विद्यार्थीहरू थप परीक्षण तथा उपचारका लागि संस्थामा सम्पर्क गर्न सुझाव दिइएको

## सम्पादकीय

*विश्वमा हरेक वर्ष प्राकृतिक प्रकोपका कारण लगभग ९० हजार मानिसले आफ्नो ज्यान गुमाउँछन् र १६० लाख जनसंख्याको स्वास्थ्यमा प्राकृतिक प्रकोपले असर पार्ने गरेका छन् । विश्वमा बाढी, पहिरो, सुनामी, भूकम्प, खडेरीजस्ता प्रकोपले बर्सेनी जनधनको अपूरणीय क्षति तथा मानिसको शारीरिक, मानसिक र सामाजिक वातावरणलाई असर पुर्‍याउँदै आएको छ ।*

*प्रकृतिको धनी मानिएको हाम्रो देश नेपालमा पनि हरेक वर्ष बाढी, पहिरो, खडेरी, भूकम्पजस्ता प्राकृतिक प्रकोपले नेपालको जनसंख्यालाई धेरै असर पारिरहेको उदाहरण हाम्रा सामु जिवित छ । यस वर्ष साउन महिनाको अन्तिममा आएको बाढीपहिरोले पहाडी तथा तराईका विभिन्न जिल्लामा धनजनको ठूलो क्षति पुर्‍याएको छ । नेपालका ७५ जिल्ला मध्ये ३७ जिल्लामा यस वर्ष भारी वर्षाले भिषण बाढी र पहिरोका कारण सयौं मानिसले आफ्ना आफन्त, घरबार गुमाउन बाध्य भएका छन् । यसले प्रकोपपिडितहरुको शारीरिक तथा मानसिक स्वास्थ्यमा समेत ठूलो असर पारेको छ ।*

*दुई हप्तासम्म निरन्तर परेको भारी वर्षाले लगभग १ लाख मानिस बाढी, पहिरोको चपेटाबाट पिडित छन् । गृह मन्त्रालयले दिएको तथ्याङ्क अनुसार १२३ जना नेपालीले ज्यान गुमाएका छन् । हजारौं नेपालीले घरबास तथा बस्तुभाउको आंशिक तथा पूर्ण क्षति बेहोर्न बाध्य भएका छन् । त्यस्तै दैनिक आधारभूत आवश्यकताहरु- यातायात, पिउने पानीको सुविधा, विजुली, संञ्चार माध्यममा अवरोध पुगेको छ । विभिन्न रोगका प्रकोप पनि फैलिने सम्भावना रहेको छ ।*

*अहिले स्थायी बासको अभावमा धेरै मानिसहरु एउटै छानामुनि बस्न बाध्य छन् जसका कारण एउटा मानिसलाई लागेको रोग अर्कोमा सर्ने सम्भावना धेरै बढेको छ । प्रकोपपिडित मानिसहरुले स्वास्थ्य सेवा पाउन सकिरहेका छैनन् । जसको कारण मानिसहरुको स्वास्थ्यस्थिति कमजोर हुँदै जाने सम्भावना बढेको छ । यस्तो अवस्थामा क्षयरोगको संक्रमण धेरै हुन्छ र फैलिने सम्भावना पनि धेरै बढ्छ । प्राकृतिक प्रकोपले क्षयरोगका नियमित औषधी उपचारमा रहेका व्यक्तिहरुको औषधीसेवन तालिका अस्तव्यस्त हुने अवस्था निर्माण हुन पुग्दछ र उपचाररत बिरामी हराउने* (Loss to followup) *संख्यामा बृद्धि हुने सम्भावना देखा पर्दछ । चाहे औषधीसेवनमा आउने समस्या होस् वा सामूहिक बसोबासको अवस्थाका कारण देखिने समस्या होस् यस्तो अवस्था क्षयरोग सर्न उर्वरा अवस्था हुनेतर्फ सबैले सचेत हुन आवश्यक छ । क्षयरोग नियन्त्रणका लागि कार्य गरिरहेका सरकारी तथा गैरसरकारी संस्थाहरुले यसतर्फ समयमै ध्यान दिनु पर्दछ । नेपाल क्षयरोग निवारण संस्था यस्तो अवस्थामा संस्थाले निर्वाह गर्नुपर्ने दायित्वप्रति हिजो पनि सचेत थियो, आज सचेत छ र भोलि पनि सचेत रहने छ ।*

*२०७४ सालको विजया दशमी, दीपावली तथा छठपर्वका साथै नेपाल संम्वत ११३८ नयाँवर्षको शुभ उपलक्ष्यमा नेपाल क्षयरोग निवारण संस्था सम्पूर्ण मानवजनको सुख, समृद्धि, सुस्वास्थ्य र दीर्घायुको कामनाका साथ सबै मिलेर नेपाललाई क्षयरोगमुक्त देश बनाउन ऐक्यवद्धताका लागि प्रेरणा प्राप्त होस् भन्ने मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।*

थियो । संस्थाले ती विद्यार्थीहरूको नि:शुल्क परीक्षण र उपचार गर्ने व्यवस्था गरेको छ ।

कार्यक्रमकै क्रममा मिति २०७४ साल भाद्र २ गते Yang Ming University का मेडिकल विद्यार्थीहरूले आफ्ना प्रोफेसरका साथ पुनः संस्था अवलोकन भ्रमण गरेका थिए । त्यस भ्रमणमा उहाँहरूलाई संस्थाको गतिविधि तथा गत वर्षको साझेदारी कार्यक्रमको बारेमा ग्लोबल फण्ड कार्यक्रमका कार्यक्रम प्रबन्धकले जानकारी दिनु भयो भने जेनेटेप परियोजना प्रमुखले नेपालमा क्षयरोगको स्थितिबारे जानकारी दिनुका साथै नेपालमा शुरू हुन लागेको Shorter Drug Regimenको बारे पनि जानकारी गराउनु भयो ।

### काठमाडौं इन्जिनियरिङ्ग कलेजमा छात्रवृत्ति

नेपाल क्षयरोग निवारण संस्था (NATA) र काठमाडौं ईन्जिनियरिङ्ग कलेज (KEC) बीच रहेको सम्झौता अनुसार प्रत्येक वर्ष KEC ले नेपाल क्षयरोग निवारण संस्थाको सिफारिसमा एक जना विद्यार्थीलाई ईन्जिनियरिङ्ग विषय अध्ययनका लागि पूर्ण छात्रवृत्ति दिने व्यवस्था रहेको छ । यस वर्ष छात्रवृत्तिका लागि आह्वान गरिएको सूचना बमोजिम (शैक्षिक शत्र २०७४।७५) को लागि संस्थाको चितवन, तेह्रथुम, धादिङ्ग र बाँके गरी जम्मा ४ जिल्लाबाट सिफारिस प्राप्त भएको थियो । प्राप्त सिफारिसहरूको छानविन पश्चात् छात्रवृत्ति छनौट उपसमितिका संयोजक वेदप्रसाद कोजूको संयोजकत्वमा वसेको बैठकले मिति २०७४ भदौ १३ गते लिइएको लिखित तथा मौखिक परीक्षाका साथै छात्रवृत्तिका अन्य प्रावधानहरूका आधारमा मूल्याङ्कन गर्दा धादिङ्ग जिल्ला शाखाका पूर्वकोषाध्यक्ष श्री विष्णुलाल श्रेष्ठका सुपुत्र श्री दिपुलाल श्रेष्ठलाई छनौट गरी सिफारिस गरिएको छ । छात्रवृत्तिका लागि सिफारिस भएका श्री दिपुलाल श्रेष्ठलाई हार्दिक बधाई ।

**प्रधानसम्पादक**

**श्री वेद प्रसाद कोजू,** *केन्द्रीय उपाध्यक्ष*

**सम्पादक मण्डल**

**श्री किरणमान प्रधान,** *केन्द्रीय उपमहासचिव*
**श्री राधा देवी मास्के,** *केन्द्रीय उपकोषाध्यक्ष*
**श्री प्रमोद कुमार पौडेल,** *सभापति पर्सा जिल्ला शाखा*

**सहयोगी**

**श्री सनु श्रेष्ठ**
**श्री अनु थापा**
**श्री प्रतिक्षा नेपाल**

**प्रकाशक**

**नेपाल क्षयरोग निवारण संस्था**
कालिमाटी, पो.ब.नं. १४९४, काठमाडौं
फोन नं: ४२७५३९५, ४२७६४५१, फ्याक्स: ४२७००१९
ईमेल : nata@antitb.wlink.com.np
Website: www.antitb.org.np

## विरामीहरूको लागि क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम



नेपाल क्षयरोग निवारण संस्था अन्तर्गत कालिमाटी चेष्ट अस्पतालको आयोजनामा मिति २०७४ असार २१ गतेका दिन संस्थाको सभाहलमा एकदिने क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । विरामीहरूलाई नियमित औषधी उपचार एवम् पोषिलो खाना खाने/खुवाउने र आफू निको हुन सकारात्मक धारणा राख्न प्रेरित गर्ने उद्देश्यले सञ्चालित सो कार्यक्रमा विरामीहरूका आफन्तलाई आफ्नो परिवारको सदस्यहरूलाई क्षयरोग लाग्दा निको हुन कसरी सहयोग गर्ने, सकारात्मक वातावरण कसरी सिर्जना गर्ने जस्ता विषयको जानकारी गराइएको थियो । कार्यक्रममा क्षयरोग, यसको लक्षण, उपचार विधि, क्षयरोगको अवस्था र संस्थामा उपलब्ध सेवाहरूका साथै होस्टलबाट उपलब्ध गराइने सेवा, सुविधा, कस्ता विरामीहरूलाई होस्टेलमा राखिने र होस्टेलमा बस्दा विरामीहरूले अपनाउनु पर्ने नियमहरूको बारेमा जानकारी गराइयो । ४७ जना सहभागीहरूको उपस्थिति रहेको सो कार्यक्रममा संस्थाका केन्द्रीय उपमहासचिव किरणमान प्रधानले सहभागीहरूलाई स्वागत गर्दै नियमित उपचारका लागि परिवारले निर्वाह गर्नुपर्ने भूमिका बारे धारणा राख्नु भएको थियो ।

## समितिहरू गठन

संस्थाको कार्यसम्पादनलाई अझ सरल र प्रभावकारी बनाउने उद्देश्यले संस्थाको कार्यसमितिबाट विभिन्न समितिहरू गठन गरिएको छ :

क. **ग्लोबल फण्ड कार्यक्रम संचालन समिति**

संयोजक देवेन्द्रबहादुर प्रधान, केन्द्रीय अध्यक्ष

ख. **अस्पताल विकास समिति**

संयोजक देवेन्द्रबहादुर प्रधान, केन्द्रीय अध्यक्ष

ग. **जेनेटप परियोजना कोअर्डिनेशन कमिटि**

संयोजक वेदप्रसाद कोजू, केन्द्रीय उपाध्यक्ष

घ. **जेनेटप परियोजना टेक्निकल कमिटि**

संयोजक डा. अर्चना अमात्य, केन्द्रीय सदस्य

ङ. **ओत्सुका पुरस्कार छनौट समिति**

संयोजक मदनगोपाल मैनाली, केन्द्रीय उपाध्यक्ष

च. **स्व. डा. नारायण गोविन्द अमात्य स्मृति पुरस्कार छनौट उपसमिति**

संयोजक वेदप्रसाद कोजू, केन्द्रीय उपाध्यक्ष

छ. **कमलराणा स्वयम्सेवी प्रेरणा पुरस्कार छनौट उपसमिति**

संयोजक मदनकाजी श्रेष्ठ, केन्द्रीय महासचिव

ज. **छात्रवृत्ति छनौट उपसमिति**

संयोजक वेदप्रसाद कोजू, केन्द्रीय उपाध्यक्ष

झ. **भौतिक परिक्षण उपसमिति**

संयोजक किरणमान प्रधान, केन्द्रीय उपमहासचिव

ञ. **टी.वी बुलेटिनको प्रधान संम्पादक र सम्पादक मण्डल**

प्रधान सम्पादक वेदप्रसाद कोजू, केन्द्रीय उपाध्यक्ष

## बाढी पिडितहरूका लागि नि:शुल्क स्वास्थ्य शिविर



नेपाल क्षयरोग निवारण संस्था, मोरङ्ग जिल्ला शाखाले जिल्ला जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी बाढीबाट प्रभावित विभिन्न क्षेत्रमा मिति २०७४ भदौ १९ र २०७४ भदौ ३२ गते नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

२०७४ श्रावण २९ गतेदेखिको अविरल वर्षाका कारण पूर्वी तराईका विभिन्न जिल्लाहरूमा बाढी आई धेरै मात्रामा जनधन तथा मानवीय क्षति समेत भएको छ । बाढीपश्चात् विभिन्न प्रकारको महामारी रोगहरू फैलिने आशंका भई सो नियन्त्रण गर्नको लागि मोरङ्गका बाढी प्रभावित १७ स्थानमा निशुल्क स्वास्थ्य शिविर संचालन गरेकोमा मोरङ्ग जिल्ला शाखालाई २ स्थानको जिम्मेवारी दिइयो । शाखाले उक्त स्थानमा नि:शुल्क स्वास्थ्य परिक्षण, औषधी वितरण र टी.वी स्क्रिनिङ्ग कार्यक्रम संचालन गरेको छ । उक्त हेल्थ क्याम्पबाट ४६८ जना लाभान्वित भएका थिए । जसमध्ये ११ जनाको TB Screening गरिनुका साथै शंकास्पद क्षयरोगका विरामीहरूको नि:शुल्क खकारको नमूना संकलन गरी जाँच तथा सामान्य रोग देखा परेका विरामीहरूलाई निशुल्क औषधी वितरण गरिएको छ ।

# जिल्लाहरूमा सम्पन्न भएको विभिन्न प्रतिकारात्मक कार्यक्रमहरू:

### बारा

*२०७४ असार २६,*

बारा जिल्लामा आ.व २०७३।७४ को फागुन सम्ममा ६ सय ३७ जना क्षयरोगका विरामीहरू पत्ता लागेको र ३ जना विरामीको मृत्यू भएको तथ्याङ्क जिल्ला जनस्वास्थ्य बाराका क्षयकुष्ठ अधिकृतले रिपोर्टर्स क्लब नेपाल बाराको साक्षात्कार कार्यक्रममा जानकारी गराउनु भयो । जिल्ला जनस्वास्थ्य कार्यालयसँग समन्वय गरी कलैया उपनगरपालिकाको मझौलिया टोलका दलित तथा जनजाती समूहमा क्षयरोग सम्बन्धी जनचेतनामूलक अभिमुखिकरण कार्यक्रम संचालन भयो । उक्त कार्यक्रम स्थानीय पत्रपत्रिका तथा एफ.एम.मा प्रकाशन तथा प्रशारण भएको थियो ।

### काभ्रे

*२०७४ साल आषाढ २८,*

धुलिखेल नगरपालिका वडा नं १ देवीटार क्षेत्र भित्रका भूकम्पपिडित, स्थानीय राजनैतिक दलका प्रतिनिधि, संघ संस्थाका प्रतिनिधिहरू दलित जनजातीहरूलाई क्षयरोग सम्बन्धी जनचेतनात्मक परिचयात्मक कार्यक्रम सञ्चालन गरियो । भूकम्पको बेला मानिस टेन्टमा सामूहिक रुपमा बसेको हुँदा कसैलाई क्षयरोग भएमा अन्य व्यक्तिहरू पनि क्षयरोगको जोखिममा पर्न सक्ने सम्भावना भएकोले यदी कसैलाई क्षयरोगको लक्षण देखा परेमा वेवास्ता नगरी नजिकको स्वास्थ्य चौकीमा गई जाँच गराउन आग्रह गरियो । साथै नियमित औषधी सेवन गर्ने व्यक्तिले औषधी सेवन गर्न छाडेको भए स्वास्थ्य चौकीमा जचाई पुन: औषधी उपचार गर्न सुझाव दिइएको थियो ।

### सुनसरी

*२०७४ भाद्र ३,*

संस्थाको सुनसरी जिल्ला शाखाको आयोजनामा धरान नगरपालिका वडा नं ११ मा नव निर्वाचित वडाध्यक्षको प्रमुख आतिथ्यतामा जनचेतनामूलक कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा ६० जनाको उपस्थिति रहेको थियो । स्थानीय समुदायमा क्षयरोगको उपचार नि:शुल्क हुने र यो रोग जति नै भयावह रोग भएता पनि नियमित औषधी सेवन र समयमै उपचार गरे यो रोक निको हुन्छ भन्ने जानकारी दिइएको थियो । कार्यक्रममा धरान उपस्वास्थ्य चौकीका प्रमुखले पनि मन्तव्य दिनु भएको थियो ।



### झापा

*२०७४ असार १९,*

झापा जिल्ला शाखाले श्री सहिद दशरथ चन्द माध्यमिक विद्यालय, दुहागढीमा विद्यार्थी र शिक्षकहरूलाई एकदिने क्षयरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना गरियो । कार्यक्रम पश्चात जुनियर नाटा गठन गरियो । क्षयरोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले भद्रपुर क्षेत्रका विभिन्न वार्डमा क्षयरोग रोकथाम तथा नियन्त्रण सम्बन्धी नारा तथा सन्देशहरू लेखिएका प्लेकार्डहरू सहित र्‍यालीको आयोजना गरिएको थियो । सन्देशसहित स्थानीय नागरिक एफ.एम.एवम् पत्रपत्रिका मार्फत प्रचार प्रसार गरिएको थियो । साथै क्षयरोग सम्बन्धी विभिन्न पर्चा, पोष्टर, पम्पलेट तथा फोटोहरूको प्रदर्शन पनि गरिएको थियो ।

### पर्सा

नेपाल क्षयरोग निवारण संस्था, पर्सा शाखाले मुन लाईट ईङ्गलिस बोर्डिङ्ग स्कुलका ९ र १० कक्षाका विद्यार्थीलाई भेला गराई क्षयरोग बारे सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो ।



### नुवाकोट

*२०७४ श्रावण १३ गते*

नुवाकोट जिल्लाको विदुर नगरपालिका स्थित चन्द्रज्योती माध्यमिक विद्यालय वडा नं ५ मा नुवाकोट जिल्ला शाखाले १ दिने अभिमुखिकरण कार्यक्रम आयोजना गरियो । कार्यक्रममा सो विद्यालयका शिक्षकहरू र कक्षा ६ भन्दा माथिका विद्यार्थीहरू गरी जम्मा २५ जनाको सहभागीता रहेको थियो ।

### दोलखा

*२०७४ असार २३,*



क्षयरोग लाग्ने कारण, यसको लक्षण, बच्ने उपाय र औषधी सेवनको बारे दोलखा जिल्ला शाखाले वैतेश्वर गाँउपालिका, मैना पोखरीमा बसोबास गर्दै आएका ४२ जना दलितहरूलाई १ दिने क्षयरोग न्यूनिकरण सम्बन्धी सचेतनामूलक अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्नुका साथै क्षयरोग निवारण सम्बन्धी सचेतना प्रचारप्रसार गर्नका लागि स्थानीय एफ.एम रेडियो कालिञ्चोक, हाम्रो रेडियो, शैलुङ्ग र भीमेश्वर गरी चार वटै एफ.एम रेडियो र स्थानीय साप्ताहिक नवतरङ्ग पत्रिकामा प्रकाशन गरियो ।

"लगातार २ हप्ता खोकी लागेमा स्वास्थ्य संस्था जानु है झट्टै, नविराई औषधी खाए क्षयरोग निको हुन्छ है चट्टै ।"

## गुल्मी

*२०७४ जेठ २८,*




रेसुङ्गा नगरपालिका–८ स्थित श्री शिद्धबाबा मा.विमा विद्यार्थी तथा शिक्षकहरूलाई क्षयरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा कक्षा ८ र ९ का विद्यार्थी तथा स्कुलका शिक्षकहरू गरी जम्मा ७९ जनाको सहभागिता रहेको थियो ।

## तनहुँ

*२०७४ असार २८ गते,*




तनहुँ श्याम्घा–४ शिशाघाट व्यास नगरपालिका स्थित श्री महेन्द्र ज्योती माध्यमिक विद्यालय प्राङ्गणमा नेपाल क्षयरोग निवारण संस्था तनहुँ जिल्ला शाखाद्वारा क्षयरोग सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो ।

## धादिङ्ग

*२०७४ आषाढ २५,*



नेपाल क्षयरोग निवारण संस्था अन्तर्गत धादिङ्ग जिल्ला शाखाले नेत्रावती गाउँपालिका वडा नं ५ कुटुन्जेको भूकम्प प्रभावित दलित बस्तीमा क्षयरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा महेन्द्र बाराहीका शिक्षक तथा विद्यार्थीहरूको समेत उपस्थिति थियो ।

## ललितपुर

*२०७४ असार २७,*



सुनाकोठी स्थित विलियम पब्लिक स्कुलमा नेपाल क्षयरोग निवारण संस्था ललितपुर जिल्ला शाखाद्वारा शिक्षक तथा विद्यार्थीहरूलाई जनचेतनामूलक अभिमूखिकरण कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा विलियम पब्लिक स्कुलका शिक्षक तथा विद्यार्थीहरू गरी जम्मा ३८ जनाको सहभागीता थियो ।

## तेह्रथुम

*२०७४ असार ३१,*

नेपाल क्षयरोग निवारण संस्था तेह्रथुम जिल्ला शाखाले जिल्ला स्वास्थ्य कार्यालयको सभाहलमा विपन्न, दलित तथा जनजाती वर्गमा क्षयरोग तथा एच.आइ.भी/एड्स सम्बन्धी परिचयात्मक तथा जनचेतनात्मक कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा २१ जनाले सहभागीता जनाएका थिए । त्यसैगरी रेडियो मेन्छ्यायेम र रेडियो तिनजुरेमा स्थानीय लिम्बु भाषा, नेपाली भाषामा क्षयरोग सम्बन्धी सन्देश प्रशारण गरिनुका साथै नवविहानी साप्ताहिकमा सन्देश पनि प्रकाशन गरियो ।

## मोरङ्ग

*२०७४ जेठ २८,*

नेपाल क्षयरोग निवारण संस्था मोरङ्ग जिल्ला शाखाले स्थानीय स्वास्थ्य कार्यकर्ता तथा स्वयम्सेविकासँग क्षयरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा जम्मा ४५ जनाको उपस्थिति रहेको थियो ।

## चितवन

चितवन जिल्ला शाखाको आयोजनामा भरतपुर महानगरपालिकाको वडा नं १, २, ११ र १२ अन्तर्गत महिला स्वास्थ्य स्वयंम सेविका र स्थानिय कार्यकर्ताहरूलाई क्षयरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । २३ जनाको सहभागी रहेको उक्त कार्यक्रममा सचिवले नगरपालिकाले शाखाले गरेको कामको प्रशंसा गर्दै आगामी दिनहरूमा सहयोग गर्ने प्रतिवद्धता जनाउने बारे मन्तव्य राख्नु भयो । त्यस्तै २०७४ असार २१ गते विसहजारी महिला उद्यमी सहकारी संस्थाको संयोजनमा भरतपुर महानगरपालिकामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो जसमा ४० जनाको सहभागिता रहेको थियो ।

## बाँके

*२०७४ आषाढ २६,*

जिल्ला शाखा बाँकेले सरस्वती मा.वि, नेपालगंजमा जुनियर नाटा गठन गर्ने कार्यक्रम गरेको थियो । कार्यक्रममा जिल्लाका ५ विद्यालयहरूको सहभागिता रहेको थियो । कार्यक्रममा शाखाका सचिवले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु हुदै क्षयरोगबारे जानकारी प्रदान गर्नुभयो । जुनियर नाटाका कार्य समितिका पदाधिकारीहरू, ईकाई प्रमुख, आदिको पनि उपस्थिति रहेको सो कार्यक्रममा प्रत्येक विद्यालयको ६ जनाको दरले ३० जनाको सहभागिता रहेको थियो ।

## कास्की

*२०७४ भाद्र १० गते*



संस्थाको कास्की शाखा र नेपाल मगर संघ कास्कीको संयुक्त आयोजनामा पोखरामा क्षयरोग सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम भएको थियो । सो कार्यक्रममा केन्द्रीय महासचिवले समुदायमा क्षयरोगबारे सचेतना पुऱ्याउन मगरसँघ कास्कीसँग हातेमालो गर्दै कार्य अगाडी बढाउने जानकारी गराउनु भयो ।

*२०७४ असार ३१* गते कास्की जिल्ला शाखाको आयोजनामा जिल्ला सभा कक्षमा आयोजना गरिएको क्षयरोग सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो । त्यस्तै कार्यक्रममा उपस्थित वरिष्ठ चिकित्सकहरूले क्षयरोगको अवस्था र जनचेतना अभिवृद्धि बारे विचार राख्नुभयो जसमा विभिन्न विद्यालयहरूको सहभागीता रहेको थियो ।

## ईलाम

*२०७४ साल असार ३१*

जिल्ला शाखा ईलामको आयोजनामा जिल्ला स्वास्थ्य कार्यालय ईलामको तालिम हलमा क्षयरोगको बारेमा विभिन्न वडाका नव निर्वाचित महिला वडा सदस्य र दलित महिला वडा सदस्यहरूलाई लक्षित गरी एक दिवशीय जनचेतनामूलक सचेतना गोष्ठी सम्पन्न गरियो । विभिन्न महानुभावहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा क्षयरोगबारे जानकारी गराउनुका साथै क्षयरोगको उपचार, औषधी वितरण गर्ने स्वास्थ्य संस्था आदि बारे जानकारी गराइएको थियो । कार्यक्रममा महिला सदस्य, दलित महिला सदस्य साथै पत्रकार र अन्य सरोकारवाला सहित ३६ जनाको सहभागिता रहेको थियो ।

## स्याङ्जा

*२०७४ असार ०९,*



स्याङ्जा जिल्ला शाखाले विद्यालयका शिक्षक र विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाइ श्री त्रिभुवन आदर्श मा.वि.पुतलीबजार न.पा.स्याङ्जामा ६४ जनाको सहभागितामा १ दिने जनचेतनामूलक कार्यक्रम र जुनियर नाटा गठन गरिएको थियो । यसरी शिक्षक र विद्यार्थीहरूको बीचमा जनचेतनामूलक कार्यक्रम चलाएको खण्डमा समग्र समुदायमा चेतनामा वृद्धि हुनेछ र साथै भविष्यमा विद्यार्थी वर्गहरू आर्थिक हिसावमा मात्र सिमित नरही सामाजिक भावनामा पनि संलग्न भै काम गर्न सकून् भन्ने मुख्य उद्देश्य रहेको उक्त कार्यक्रममा क्षयरोगको विषयबस्तुलाई चेतनामूलक ढंगले प्रस्तुत गरिएको थियो ।

## दाङ्ग

*२०७४ असार २२ गते,*



घोराही उपमहानगरपालिका वडा नं ७ पर्सा, दाङ्गका अति विपन्न, दलित तथा जनजाती र अल्पजातीका महिला पुरूषलाई क्षयरोग सम्बन्धी जनचेतनामुलक कार्यक्रमको आयोजना गरिएको थियो । साथै रेडियो मध्यपश्चिम ९१.४ मेगाहर्ज घोराहीमा पनि क्षयरोग सम्बन्धी सूचना प्रसारण गरिएको थियो ।

## कैलाली

*२०७४ असार ३१,*



संस्थाको कैलाली जिल्ला शाखाको आयोजनामा धनगढीमा स्थानीय स्वास्थ्य कार्यकर्ता तथा स्वयंसेविकाहरू बीच क्षयरोगसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

### भक्तपुर



**संस्थाको भक्तपुर जिल्ला शाखाले भुकम्प प्रभावित** स्थानका स्थानीय जनसमुदायहरूमा क्षयरोग सम्बन्धी चेतनामुलक अभिवृद्धि गर्ने उद्देश्यले **मध्यपुर थिमि नगरपालिकाको निकासेरामा क्षयरोग बारे अभिमुखीकरण कार्यक्रम सफलतापुर्वक सम्पन्न गरियो ।**

### सप्तरी

*२०७४ जेठ २८ गते,*



सर्लाही जिल्ला शाखाले मलेठ गा.वि.सस्थित स्वास्थ्य संस्थामा स्थानीय कार्यकर्ता तथा स्वयंसेविकाहरूसँग क्षयरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा २० जनाको सहभागीता रहेको थियो ।

### गोरखा

*२०७४ असार २१ गते,*



जौवारी गाउँपालिकाको श्री परोपकार मा.विमा गोरखा जिल्ला शाखाले क्षयरोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा ४६ जनाको सहभागीता रहेको थियो ।

### रौतहट

*२०७४ असार १५ गते,*



क्षयरोगलाई नियन्त्रणमा ल्याउनको लागि रौतहट जिल्ला शाखाले श्री प्रा.वि.राजदेवीको सभाकक्षामा अशिक्षित दलित समाजहरूलाई १ दिने क्षयरोग सम्बन्धी अन्तरक्रियात्मक तथा परिचयात्मक कार्यक्रम गरिएको थियो । यसको साथै कार्यक्रम श्री गुजरा माई एफ.एम. सरमुजवाबाट प्रशारण गरिएको थियो ।

### कपिलवस्तु

*२०७४ असार १८ गते,*

कपिलवस्तु जिल्ला शाखाले विद्यार्थी तथा शिक्षकहरूलाई क्षयरोग सम्बन्धमा सचेतना कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विद्यार्थी तथा शिक्षक गरी ५४ जनाको सहभागीता रहेको थियो ।

### काठमाडौं



*मिति २०७४ भाद्र १५ गते*

काठमाडौं जिल्ला शाखाले भूकम्म प्रभावित आन्तरिक शरणार्थी महिलाहरूहरूलाई लक्षित गरी क्षयरोग सम्बन्धी जनसचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रम न्यायिक संसार, कुलेश्वर, काठमाण्डौंमा ३० जना (महिला: २६, पुरूष: ४) को सहभागीतामा सम्पन्न भयो ।

# Major achievements in F/Y 73-74

| S.N | Activity | Measurement Unit | Achievement |
|---|---|---|---|
| | **TB cases** | | |
| 1 | Patients visited in OPD | No. of visits | 13508 |
| 2 | Presumptive TB cases smear Examined in lab | No. of patients | 4212 |
| 3 | TB Cases found smear positive | No. of patients | 477 |
| 4 | Number of TB patients tested for HIV | No. of patients | 608 |
| 5 | Number of TB patients found HIV positive | No. of patients | 5 |
| | **DR TB cases** | | |
| 6 | Presumptive DR TB cases screened in OPD | No. of patients | 345 |
| 7 | Presumptive DR TB cases referred for DST to gene-xpert /LPA/Culture | No. of patients | 345 |
| 8 | Total no. of MTB/Rif resistant and confirmed MDR TB cases diagnosed | No. of patients | 68 |
| 9 | No. of Pre- XDR cases Diagnosed (shifted from RR/ MDR) | No. of patients | 23 |
| 10 | No. of XDR cases Diagnosed(shifted from RR/MDR) | No. of patients | 4 |
| 11 | Number of DR TB patients tested for HIV | No. of patients | 85 |
| 12 | Number of DR TB patients found HIV positive | No. of patients | 2 |
| | **Inpatient service** | | |
| 13 | Total Firstline TB patient admitted | No. of patients | 157 |
| 14 | Total RR/DR TB patients Admitted | No. of patients | 40 |
| 15 | Total Pre-XDR TB patients Admitted | No. of patients | 15 |
| 16 | Total XDR TB patients Admitted | No. of patients | 7 |
| 17 | Total Non TB patients admitted | No. of patients | 68 |
| | **DR TB Hostel Service** | | |
| 18 | Total RR/DR TB patients enrolled | No. of patients | 33 |
| 19 | Total Pre-XDR TB patients enrolled | No. of patients | 14 |
| 20 | Total XDR TB patients enrolled | No. of patients | 4 |